6921326

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## आदेश

मु.नं.५८२/२०७१/०७२
निर्णय नं.३२७

काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. १६ बस्ने वर्ष ३७ को मनोज कुमार श्रेष्ठ ..१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नापी कार्यालय, कलंकी, काठमाडौं ............................................१ विपक्षी
सूचना अधिकारी, नापी कार्यालय, कलंकी, काठमाडौं ............................................१

विषय :- सूचना उपलब्ध गराउनू ।

काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. १६ बस्ने वर्ष ३७ को मनोज कुमार श्रेष्ठले नापी कार्यालय, कलंकी, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७१।०८।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नापी कार्यालय, कलंकी, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायांप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. नापी कार्यालयको च.नं.४४, मिति २०७१।०८।२८ गतेको मिसिल एपोलो स्टिल इण्डस्ट्रिज प्रा.लि.को पूर्वपट्टि रहेको १०० फिट बाटो सो प्रा.लि.ले नै मासेको भन्ने विषयमा रहेको छ । यो मिसिल बाटो मासेको भन्ने विषयमा रहेकोले धेरै जनासँग सरोकार रहन गई सार्वजनिक महत्व रहेकोले सो कपी अध्ययन गर्नको लागि आवश्यक भएको हो ।